Regd. No 1214/066/067

# दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
# Dordi Khola Jal Bidyut Company Limited

Tripureshwor, Kathmandu, Nepal

च.नं.: १६५/०८२/८३

मिति : जेष्ठ १६, २०८३

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : विशेष साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति जेष्ठ १५, २०८३ गते शुक्रबार दिउँसोको ४:३० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको विशेष साधारण सभा मिति आषाढ ०१, २०८३ (जुन १५, २०२६) गते सोमबार बिहानको ९:०० बजे हुने निर्णय भएको जानकारी गराउँदछौं । साथै उक्त विशेष साधारण सभामा पेश गरिने प्रस्तावहरु निम्न बमोजिम रहेका छन् ।

**१) विशेष प्रस्तावहरु**

क) जारी पूँजी संशोधन सहित कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

ख) कम्पनीको चुक्ता पूँजीको १:०.२८८४७४७४ अनुपातमा हुन आउने रकम रु. ६०,८२,५५,०००/- बराबरको ६०,८२,५५० कित्ता (विद्युत नियमन आयोगबाट रु. ६०,८२,५४,९९२.६३/- रकम बराबरको ६०,८२,५४९.९२६३ कित्ता हकप्रद शेयर निष्काशन गर्नका लागि स्वीकृति दिए पनि दशमलव शेयर संख्या आउने हुँदा नजिकको अंकमा परिवर्तन गरी हुने रकम) हकप्रद शेयर निष्काशन गर्ने बारे ।

ग) हकप्रद शेयर निष्काशनको सम्बन्धमा नियमनकारी निकायको निर्देशन र सुझाव अनुसारको कुनै कार्यहरु (प्रबन्धपत्र तथा नियमावलीको हेरफेर, परिमार्जन, संशोधन, समायोजन वा थपघट समेत) गर्नु परेमा वा हकप्रद शेयर निष्काशनका क्रममा कुनै बाधा अड्चन परेमा सो फुकाउनका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

**२) विविध**

साथै उक्त विशेष साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति जेष्ठ २५, २०८३ गते एक दिनको लागि बन्द रहने छ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति जेष्ठ २४, २०८३ सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई सात (७) कार्य दिन भित्र दाखिल खारेजको लागी प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु विशेष साधारण सभामा भाग लिनको लागि योग्य हुनेछन् ।

भवदीय,

..........................
निरज कुमार चौधरी
परिपालन अधिकृत

**बोधार्थ**

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरवार, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री विद्युत नियमन आयोग, साना गौचरण, काठमाण्डौ ।

P.O. Box : 20290, Blue Star Complex, Tripureshwor, Kathmandu, Nepal
Tel: 01-4232748, 4232749, 4232750, Email: dordi1hep@gmail.com, URL : www.dordikhola.com.np